"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

**प.सं.** ०७९/०८०/पशु सेवा शाखा

**च.नं.**

**मिति: २०८०/०१/२५**

### <u>लम्पी स्किन डिजिज सम्बन्धी अत्यन्त जरुरी सूचना !</u>

**हाल सूर्योदय नगरपालिका क्षेत्रभित्र पशु चौपायाहरूमा लम्पी स्किन डिजिज महामारीको रुपमा फैलिएको छ । यस रोगले पशु चौपायाहरूमा ज्वरो आउने, खान छोड्ने, शरीरका विभिन्न भागहरूमा गाठागुठी निस्कने, फोकाहरू निस्कने, खुट्टा सुन्निने, दुध सुक्ने जस्ता लक्षणहरू देखा पर्दछन् । यस रोग नियन्त्रणका लागि प्रत्येक वडा कार्यालयमा पशुसेवा प्राविधिकहरू खटाइएको छ । वडामा खटिएका प्राविधिकहरू बाट निरन्तर प्रारम्भिक उपचार भइरहेको तथा यस रोगको हालसम्म कुनैपनि प्रभावकारी औषधि नभएकोले लक्षणका आधारमा मात्र उपचार भइरहेको छ । साथै यो जटिल परिस्थितिमा गाइबस्तु पालक कृषकहरुले यस रोग विरुद्धको भ्याक्सिन सम्बन्धमा चासो राख्नु भएको छ । यस सम्बन्धमा विज्ञहरूसँग परामर्श लिंदा रोग फैलिरहेको स्थानहरूमा भ्याक्सिन लगाउन उपयुक्त नभएको धारणा आएको साथै यो भ्याक्सिन लगाउन उपयुक्त नदेखिएको भन्ने पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कोशी प्रदेश विराटनगर तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सम्पर्क कार्यालय, इलामका विज्ञहरूसँगको राय समेतका आधारमा प्राविधिक दृष्टिकोणले उपयुक्त अवस्थामा मात्र नगरपालिकाले खोपको उचित प्रबन्ध गर्ने व्यहोरा सम्पूर्ण सरोकारवालाहरूमा यो सूचना जारी गरिएको छ ।**

मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत